# आकाशवाणी खरसाङः प्रादेशिक समाचार– नेपाली

मितिः २६ जून २०२५

समयः १८:५० – १६:०० बजे

## मुख्य समाचार

- आकाशवाणीबाट मन की बात कार्यक्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रलाई सम्बोधन गर्नु भयो।
- राष्ट्रीय महिला आयोगको एक दलले आज कोलकाता कस्बा ल कलेज को भ्रमण गरेको छ।
- पश्चिम बंगाल सरकारका कर्मचारी संगठनले २१ जुलाईमा तृणमूल कंग्रेसको शहीद दिवस कार्यक्रमको अवसरमा व्यापक विरोध प्रदर्शन गर्ने भएको छ।
- आज असारको पन्ध्र हो।
- सामान्य मितिभन्दा 9 दिन अघि नै आज देशमा मनसुनको आगमन भएको छ। बङ्गालको खाडीमा बनिएको निम्न दबावबाट राज्यका केही भागहरूमा भारी वर्षा हुने सम्भावना रहेको छ।

## पीएम-मन की बात

प्रधानमंत्री नरेन्द्र मोदीले स्वास्थ्य देखि लिएर सामाजिक सुरक्षा सम्म देश सबै क्षेत्रमा तीव्र गतिमा अघि बढ़िरहेको छ भनी बताउनुभएको छ। आकाशवाणीबाट आज मन की बात कार्यक्रममा राष्ट्रलाई सम्बोधन गर्नुहुँदै श्री मोदीले अंतर्राष्ट्रीय श्रम संगठनको त्यस रिपोर्टको उल्लेख गर्नुभयो जसमा देशको ६४ प्रतिशत भन्दा अधिक मानिसहरुलाई कुनै न कुनै सामाजिक सुरक्षा लाभ प्राप्त भइरहेको छ भनी बताइएको छ। उहाँले विश्व स्वास्थ्य संगठनको रिपोर्टको पनि उल्लेख गर्नुभयो जसमा भारतलाई आँखाको बीमारी ट्राकोमा बाट मुक्त घोषित गरिएको छ। प्रधानमंत्रीले भन्नुभयो कि यो उपलब्धी ती लाखौं स्वास्थ्य कर्मीको अथक प्रयासहरुको फल हो जसले यस बीमारीसित लड़ाई लड़ेका छन्। श्री मोदीले भन्नुभयो कि स्वच्छ भारत अभियान अनि जल जीवन मिशनद्वारा पनि यसमा धेरै सहायता प्राप्त भएको छ।

*Byte*

## कोलकाता-दुष्कर्म

राष्ट्रीय महिला आयोगको एक दलले आज कोलकाता कस्बा लः कलेजको भ्रमण गर्यो जहां हालैमा सामूहिक दुष्कर्मको घटना प्रकाशमा आएको छ। दलको नेतृत्व डॉ. अर्चना मजूमदारले गर्नु भएको थियो। यसै बीच कोलकाता पुलिसले दुष्कर्म मामिलाको जांचको लागि सहायक पुलिस आयुक्तको नेतृत्वमा एक विशेष जांच दलको गठन गरेको छ। पुलिसले अहिलेसम्म यस मामिलामा कॉलेजको सुरक्षा गार्ड सहित चार जनालाई पक्राउ गरेको छ।

## कर्मचारी डीए र्‍याली

पश्चिम बंगाल सरकारका कर्मचारी संगठन यूनाइटेड फोरम अफ स्टेट गभर्नमेन्ट इम्प्लोइजले २१ जुलाईमा कोलकाताको शहीद मीनार नजिक विराट विरोध प्रदर्शन गर्ने भएको छ। यो र्‍याली तृणमूल कंग्रेसको शहीद दिवस कार्यक्रमको समयमा आयोजना हुनेछ। फोरमले राज्य सरकारविरुद्ध महँगी भत्ता केन्द्र सरकारका कर्मचारीहरूको बराबरीमा नदिएकोए साथै बाँकी २५ प्रतिशत डीए भुक्तान नगरेको विषयमा विरोध जनाउन लागेको हो। सर्वोच्च न्यायालयले गत महिनाको आदेशमा २८ जूनको मध्यरात्रिसम्म डीएको बाँकी रकम खातामा हाल्न भनेको थियो। तर राज्य सरकारले न्यायालयसँग छ महिनाको थप समय मागेको छ र अघिल्लो आदेशको पुनरावलोकनका लागि निवेदन पनि दिएको छ। राज्य सरकारले अदालतमा भनेको छ कि वर्तमान आर्थिक स्थितिमा २५ प्रतिशत डीएको भुक्तान तत्काल गर्न सम्भव छैन र यसका लागि २१ हजार करोड़

रुपियाँको अतिरिक्त बोझ राज्य सरकारमाथि पर्नेछ। यसको प्रभाव जनकल्याणकारी योजनाहरूमा पर्न सक्ने बताइएको छ। फोरमका संयोजक भास्कर घोषले पत्रकार सम्मेलनमा जानकारी गराउँदै आगामी २१ जुलाईको र्‍याली बाहेक २८ जुलाईमा सचिवालय मार्चको आयोजन पनि गरिने बताउनु भयो। यसमा सरकारी कर्मचारीसँगै ती शिक्षकहरू पनि सहभागी हुनेछन् जसले सर्वोच्च न्यायालयको आदेशपछि नोकरी समेत गुमाएका थिए। फोरमले राज्य सरकार विरुद्ध अवमाननाको याचिका अदालतमा दर्ता गर्ने तयारी गरिरहेको समेत श्री घोषले जानकारी गराउनु भयो। हाल राज्य सरकारले कर्मचारीहरुलाई १८ प्रतिशत मात्र डीए दिइरहेको छ भने केन्द्रमा यो दर ५५ प्रतिशत पुगिसकेको छ। केन्द्रको तुलनामा १८ प्रतिशत दर खूबै नगण्य ठहर्दछ।

## वन्य प्राणी जागरूकता शिविर

बैकुण्ठपुर वन विभाग अन्तर्गत आमबाड़ी रेन्टको एन्टी एलेक्ट्रोक्यूशन सेलद्वारा आज आमबाड़ीको तारघेरा स्थित विश्व बांगला भवनमा जागरूकता शिविरको आयोजना गरियो। यस शिविरमा आमाबाड़ी, डाबग्राम, बेलाकोवा, सालुगढ़ा रेन्ज अन्तर्गत वन सुरक्षा कमिटिको सदस्य एवं स्थानीय ग्रामीणहरू सामेल भएका थिए। बैकुण्ठपुर डिभीजन अन्तर्गत विभिन्न क्षेत्रहरूमा हाथीहरूसितै अन्य वन्य प्राणीहरूको करेन्ट लागेर मृत्यु भइरहेको छ, यसको प्रमुख कारण ग्रामीण क्षेत्रहरूमा अवैध रूपमा बिजुलीको तारको फेन्सिंग रहेको छ। यस शिविरको माध्यमबाट वन्यजीवहरूको सुरक्षा गर्न बिजुली कनेक्शनको सम्बन्धमा ग्रामीणहरूमा जागरूकता गराइयो।

## गोर्खा गौरव संस्थान

आज आसारको पन्ध्र हो। प्रतिवर्षझैं यस वर्ष पनि गोर्खा गौरव संस्थानको आयोजनामा असार १५ पर्व कालेबुङको बोङ बस्तीमा आज विशेष उत्साहका साथ भव्य रूपमा मनाइयो।

*असार १५, गहुँतो खाउँए धान रोपौं भन्ने परम्परालाई जगेरना गर्ने उद्देश्य सहित आयोजित कार्यक्रममा कालेबुङका जिल्लापाल बालासुब्रमण्यम टी प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थियो। कार्यक्रमको शुरूवात परम्परागत बाजागाजा सहित भएको थियो। स्थानीय समुदायको सांस्कृतिक पहिचान झल्किने नृत्य, गीत तथा धान रोपाइँको प्रदर्शनले कार्यक्रमलाई आकर्षक बनाएको थियो । कार्यक्रममा संस्थाका सदस्यहरू ए स्थानीय प्रतिनिधिहरू एकृषक समुदाय र युवाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सहभागीहरूले खेतमा उत्रेर परम्परागत शैलीमा धान रोपेर रमाइलो गरे। साथै ए स्थानिय रूपमा तयार पारिएको दही-च्यूरा र तरकारीको परिकारले सहभागीहरूको स्वाद थपिएको थियो। गोर्खा गौरव संस्थानका संयोजक सुधिर घलेले आगामी वर्षहरूमा अझ व्यापक सहभागिता सहित यस्ता कार्यक्रम गर्दै जाने प्रतिबद्धता जनाएको छ।*

## गोर्खा राष्ट्रिय नारी

गोर्खा राष्ट्रिय नारी संगठनद्वारा आज असारको पन्ध्र पर्व उल्लासपूर्वक मनाइयो। गोर्खा राष्ट्रिय नारी संगठन खर्साङ ब्राञ्च कमिटीद्वारा आज गोर्खाहरुको मौलिक सांस्कृतिक पर्व असार पन्ध्र खर्साङ बजारस्थित पार्टी कार्यालयमा विशेष कार्यक्रमसहित मनाइएको छ। कार्यक्रम गोर्खा राष्ट्रिय नारी संगठन केन्द्रीय समितिकी अध्यक्ष शान्ती लामाको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा ब्राञ्च कमिटीका सम्पूर्ण सदस्यहरूको सक्रिय उपस्थिति रहेको थियो। पार्टी कार्यालयमा आयोजित कार्यक्रममा वक्ताहरुले- आजको दिन दही चिउरा खाँदै, नाचगान गर्दै कृषकहरु रोपाइँमा रमाउँने गरेको बताए। कृषकहरूलाई प्रोत्साहन दिन र हाम्रो संस्कृति बचाउन हामी सबैले असार १५ को महत्वलाई बुझ्नुपर्छ। यो पर्व गोर्खा समाजको गौरवशाली परम्परा हो जसलाई संरक्षण गर्नु हामी सबैको साझा कर्तव्य हो भन्दै गोर्खा राष्ट्रिय नारी संगठनको तर्फबाट वक्ताहरुले सम्पूर्णमा असार पन्ध्रको शुभकामना व्यक्त गरेका छन्। यसरीनै जी.एन.डब्लु.ओ-का सदस्यहरूले आज दार्जिलिङ शाखा कार्यालयमा पनि पार्टी सदस्यहरूसँग असार १५ मनाए।

**डुवर्सव्यापी कवि गोष्ठी**

आइतबार असार १५ लाई साक्षी राख्दै सृजनशील समूह कालचिनीको आयोजना अनि वनछायाँ आर्ट भिलेजको सहयोगितामा डुवर्सव्यापी कवि गोष्ठी सम्पन्न भयो। वनछायाँ गाउँमानै सम्पन्न भएको कवि गोष्ठीमा डुवर्सको बाग्राकोटदेखि राजाभातखावा सम्मका कवि अनि साहित्यकार एवम् साहित्यानुरागीहरुको जमघटमा कवि गोष्ठी सम्पन्न भएको थियो।कविता वाचन गर्ने प्रत्येक कविहरुलाईनै सृजनशील समूहको पक्षबाट मायाको चिनोस्वरुप स्मृति चिन्ह प्रदान गरियो ।

**दार्जिलिङ रोटरी क्लबको ६९औं स्थापना**

दार्जिलिङ रोटरी क्लबको ६९औं स्थापना दिवस समारोह सम्पन्न भएको छ । यस कार्यक्रममा विवेक छेत्रीले समीर सिंघलबाट अध्यक्षको जिम्मेवारी ग्रहण गरे। समिर सिंघलको कार्यकालमा क्लबले धेरै सामुदायिकमुखी परियोजनाहरू सञ्चालन गरेको थियो। ती परियोजनाहरूमा ग्रामीण विद्यालयहरूको पूर्वाधार सुधार, शहरको सौन्दर्यकरण, वरिष्ठ नागरिक तथा आर्थिक रूपमा कमजोर वर्गप्रति चासो र समाजमा देखा पर्ने स्वास्थ्य सम्बन्धी समस्याहरुको समाधान समावेश रहेका थिए।

**मानसून-निम्न दबाव**

दक्षिणपश्चिम मनसुन आज राजस्थानए पश्चिमी उत्तर प्रदेश र हरियाणा सहित दिल्ली आइपुगेको छ। मौसम विभागका अनुसार यस पटक मनसुन सामान्य सिलिभन्दा नौ दिन अगाडि नै सम्पूर्ण देशमा पुगेको छ। बंगालको ी खाडीको उत्तरपश्चिमी भाग र पश्चिम बंगाल र बंगलादेशको छेउछाउको निम्न तटमा न्यून चापीय क्षेत्र बनेको छ। यसबाट बनेको चक्रवात आगामी दुई दिनमा उत्तर ओडिशाए पश्चिम बंगाल र झारखण्ड हुँदै बिस्तारै उत्तरपश्चिमतिर सर्ने सम्भावना छ।

**मौसम**

सामान्य मितिभन्दा 9 दिन अघि नै आज देशमा मनसुनको आगमन भएको छ। बंगालको खाड़ीको उत्तर-पश्चिमी क्षेत्रमा भारत अनि बंगलादेशका तटीय क्षेत्रहरू नजिक एक चक्रवातीय दबाव निर्माण भएको छ जुन आगामी ४८ घण्टाभित्रमा निम्न दबावमा परिवर्तन हुन सक्ने छ। अलिपुर मौसम विभागले बताए अनुसार यस निम्न दबावबाट राज्यका केही भागहरूमा भारी वर्षा हुने सम्भावना रहेको छ।

****** ० ******